# स्थानीय राजपत्र

कञ्चनरुप नगरपालिका, सप्तरीद्वारा प्रकाशित

बर्ष १) संख्याः. ६ ) मिति:२०७७ साल चैत्र २५ गते

## भाग-२

## कञ्चनरुप नगरपालिका

## एकल महिला सुरक्षा कोष सञ्चालन तथा व्यस्थापन कार्यविधि, २०७७

एकल महिलाको सशक्तीकरण,क्षमता तथा मर्यादा अभिवृद्धि गरी सामाजिक तथा आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिलाको हित संरक्षण तथा प्रवर्द्धनको लागि कार्यविधि वनाई सो को आधारमा एकल महिला सुरक्षा कोषको परिचालन गर्न वाञ्छनिय भएकाले स्थानिय तह संचालन ऐनको दफा १०२ को उपदफा २ वमोजिम एकल महिला सुरक्षा कोष (सञ्चालन ) ( पहिलो संशोधन) नियमावली २०७६ को उपनियम ३(ख) मा भएको अधिकार प्रयोग गरी कंचनरुप नगरपालिकाले देहायको कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम “एकल महिला सुरक्षा कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७” रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपीलकाले पारित गरेपछि लागू हुनेछ ।

**२. परिभाषा :**

(क) “एकल महिला”भन्नाले एकल महिला सुरक्षा कोष (सञ्चालन( नियमावली, २०७० को नियम २ को

खण्ड (ख) मा परिभाषित महिलालाई सम्झनु पर्दछ ।

(ख) “ समिति” भन्नाले एकल महिला सुरक्षा कोष (सञ्चालन ) ( पहिलो संशोधन) नियमावली

२०७६ को उपनियम ३ ख को ३ वमोजिम गठित एकल महिला सुरक्षा कोष सञ्चालन तथा व्यवस्थापन समिति  सम्भन्नु पर्दछ ।

(ग) "नियमावली" भन्नाले एकल महिला सुरक्षा कोष (सञ्चालन( नियमावली,२०७० र एकल महिला सुरक्षा कोष (सञ्चालन ) ( पहिलो संशोधन) नियमावली २०७६  सम्भन्नु पर्दछ ।

(घ) "कोष" भन्नाले  एकल महिला सुरक्षा कोष (सञ्चालन( नियमावली,२०७६ को नियम ३ ख वमोजिम
स्थापित कोष  सम्भन्नु पर्दछ ।

(ङ) "कार्यविधि" भन्नाले कंचनरुप नगरपालिकाले जारी गरेको "एकल महिला सुरक्षा कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७" सम्भन्नु पर्दछ ।

(च) "मन्त्रालय" भन्नाले महिला,वालवालिका तथा ज्येष्ठ नागरीक मन्त्रालय  सम्भन्नु पर्दछ ।

(छ) "कार्यालय" भन्नाले कंचनरुप नगरकार्यपालिकाको कार्यालय सम्भन्नु पर्दछ ।

(ज) "कार्यविधि" भन्नाले कंचनरुप नगरपालिकाले जारी गरेको "एकल महिला सुरक्षा कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७" सम्भन्नु पर्दछ ।

## ३. कोषको स्थापना :

(१) आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल महिला सुरक्षा कोष नामको एक कोष स्थापना
गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार,व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ, संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(३) उपनियम (२) को खण्ड (ख) बमोजिमको कम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृत लिनु पर्नेछ  ।

## ४. कोषको उपयोग :

(१) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ :

(क) एकल महिलालाई शिक्षा र सीपमूलक तालिम प्रदान गर्ने,

(ख) एकल महिलाका लागि स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने

(ग) एकल महिलालाई औषधी उपचार गर्ने

(घ) एकल महिलालाई उद्धार गर्ने,राहत दिन तथा पुनर्स्थापना गर्ने

(ङ) एकल महिलालाई कानूनी सहायता प्रदान गर्ने

(च) एकल महिला सम्मिलित सामुदायिक वा सहकारी संस्थाको कार्यमा सहयोग गर्ने

(छ) एकल महिलाको सामाजिक मर्यादा अभिवृद्धिको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

(ज) समितिवाट गरिने कार्यक्रमको अनुगमन गर्ने

(झ) एकल महिलाको हक,हित सरंक्षण र सम्वर्द्धनको लागि समितिले तोके वमोजिमको अन्य काम

गर्न वा गराउन

**५. कोषको रकम अन्य काममा उपयोग गर्न नस**किने **:**

(१) कोषको रकम नियम ४ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

**६ कोषको खाता :**

(१) कार्य संचालनको लागि प्राप्त रकम एकल महिला सुरक्षा कोष सञ्चालन तथा व्यवस्थापन समितिले तोकेको कुनै वाणिज्य वैंकको खातामा रहनेछ ।

(२) यो खाताको संचालन कार्यालयको कार्यालय प्रमूख र आर्थिक प्रशासन प्रमूखको संयूक्त दस्तखत वाट संचालन हुनेछ ।

**७. रकम माग गर्न सक्ने** :

(१) कार्यालयले नगरको प्रयोजनको लागि केन्द्रिय समिति समक्ष कोषको रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम रकम माग गर्दा माग पत्रसाथ देहायका कागजात संलग्न राख्नु पर्नेछ ।

(क) कार्यालयवाट एकल महिलालाई प्रदान गरेको रकमको अद्यावधिक विवरण,

(ख) कार्यालयमा रहेको कोषको पछिल्लो मास्केवारी,

(ग) हाल माग गरिएको रकमवाट गरिने कार्यक्रको विवरण ।

**८. जानकारी दिनु पर्ने** :

कार्यालयले कोषमा प्राप्त रकमको जानकारी मिति र रकम उल्लेख गरी यथासिघ्र सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

**९. कोषको लेखा :**

(१) कोषको लेखा नेपाल सरकारको स्रेस्ता प्रणादी अनुसार राख्नु पर्नेछ ।

(२) कोषको स्रेस्ता छुट्टै खडा गर्नु पर्नेछ ।

(३) कोषको लेखा अद्यावधिक एवं पारदर्शी हुनु पर्नेछ ।

(४) कोषको लेखा राख्ने जिम्मेवारी सम्वन्धित स्थानिय तहको  कार्यालयको हुनेछ ।

(५) कोषको आन्तरीक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रण कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयवाट हुनेछ ।

**१०. प्रतिवेदन पेश गर्ने :**

एकल महिला सुरक्षा कोष संचालन ( पहिलो संशोधा) नियमावली २०७६  वमोजिम गर्ने

(१) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

“(३) सम्वन्धित स्थानीय तहले नियम ३ख.वमोजिम स्थापना भएको कोषमा प्राप्त भएको रकम सो

कोषवाट वर्षभरी संचालन गरिएका कार्यक्रम, एकल महिलाको लागि कार्यक्रम संचालन गर्दा हुन गएको खर्च,संचालन भएको कार्यक्रमवाट भएको उपलव्धि तथा भविष्यमा गरिनु पर्ने सुधार समेतको

विषय समावेश गरी आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।"

(२) उपनियम (३) पछि देहायको उपनियम (४) थपिएको छ :-

"(४) मन्त्रालयले उपनियम (३) वमोजिम प्राप्त प्रतिवेदन समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्नेछ ।"

**११.कोषको रकम उपलव्ध गराउदा अपनाइने प्रकृया :**

(१) कोषको रकम लिन चाहने सामाजिक,आर्थिक दृष्टिले कमजोर र विपन्न एकल महिलाले नियमावलीको नियम ४ मा उल्लेखित देहायको मध्ये कुन सहयोग चाहेको हो सो व्यहोरा खुलाई कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(क) उद्धार,राहत तथा पुनर्स्थापन

(ख) औषधि उपचार,

(ग) कानुनी सहायता,

(घ) शिक्षा र सीपमूलक तालिम,

(ङ) स्वरोजगार कार्य संचालन ।

(२) निवेदकले अनुसुचि- १ को ढांचामा भरिएको निवेदन साथ देहायको कागजात संलग्न गरेको हुनु पर्नेछ ।

(क) एकल महिला भएको प्रमाणित हुने कागजात,

(ख) नेपाली नागरीकता प्रमाण पत्र,

(ग) आफुले चाहेको सहयोगको विवरण सहितको निवेदन,

(घ) सम्वन्धित स्थानिय निकायको वडा कार्यालयले आर्थिक,सामाजिक रुपले कमजोर,विपन्न हो भन्ने प्रमाणित गरिएको सिफारिस पत्र ।

(३) एकल महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी,सामूदायिक वा सहकारी संस्थाले नियम ४ मा उल्लेखित देहायको मध्ये कुन क्षेत्रमा कार्य गर्न चाहेको हो सो व्यहोरा खुलाई कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(क) शिक्षा र सीपमूलक तालिम प्रदान गर्न

(ख) स्वरोजगार कार्यक्रम सञ्चालन गर्न,

(ग) उद्धार गर्न,राहत दिन तथा पुनर्स्थापना गर्न,

(घ) कानूनी सहायता प्रदान गर्न,

(ङ) एकल महिला सम्मिलित सामूदायिक वा सहकारी संस्थाको कार्यमा सहयोग गर्न,

(च) एकल महिलाको सामाजिक मर्यादा अभिवृद्धिको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(छ) एकल महिलाको हकहित संरक्षण र सम्वर्द्धनको लागि केन्द्रिय समितिले तोके वमोजिमको अन्य

कार्य गर्न वा गराउन ।

४. एकल महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी,सामूदायिक वा सहकारी संस्थाले अनुसुचि - २ को ढाचामा भरिएको निवेदन साथ देहायका कागजात संलग्न गर्नु पर्नेछ ।

(क) संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(ख) संस्थाको विधानको प्रमाणित प्रतिलिपि,

(ग) संस्था नवीकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपी

(घ) कार्यक्रमको उद्देश्य, लक्ष्य, कार्ययोजना सहितको अनुसुचि- ३ को ढांचामा कार्यक्रमको प्रस्ताव,

(ङ) कार्यालयमा सुचिकृत भएको सिफारिस पत्र,

(च) स्थानिय निकायको सिफारिस पत्र,

(छ) संस्थाको लेखापरीक्षण प्रतिवेदन

५. कार्यालयले अनुसुचि १ वमोजिम प्राप्त निवेदनको आवश्यक जांचवुझ गरी नगर स्तरीय समितिमा पेश गर्नु पर्नेछ ।

६. कार्यालयले अनुसुचि ३ वमोजिम प्राप्त निवेदनको आवश्यक जांचवुझ गरी नगर स्तरीय समितिको सिफारिस साथ केन्द्रिय समितिमा पेश गर्नु पर्नेछ ।

**१२.खर्च मापदण्ड** :

(१) दफा ९ (५) वमोजिम प्राप्त निवेदनको प्रयोजनको लागि नगर स्तरीय समितिले रकम उपलव्ध गराउदा निवेदक

एकल महिलाको मागको औचित्य र निजले गर्न खोजेको कामको प्रकृति हेरी देहायको सहयोग उपलव्ध गराउन सक्नेछ ।

**(क) उद्वार गर्न,राहत दिन तथा पुनर्स्थापना :**

एकल महिलाको तत्काल उद्वार,राहत तथा पुनर्स्थापनाका लागि नगर स्तरीय समितिले तोके वमोजिम रु.५०००। मा नवढ्ने गरी आवश्यक रकम

**(ख) औषधी उपचार :**

नगर स्तरीय समितिले तोकेको अस्पतालमा उपचार गराउदा विरामी तथा कुरुवा समेतको जोडेर निम्नानुसार सीमा ननाघ्ने गरी लागेको विल वमोजिमको खर्च :

(१) घरैमा वसी उपचार गराउंदा अस्पताल आतेजाते समेतको मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्च वापत जम्मा रु.२,०००। सम्मको विल वमोजिमको रकम ।

(२) अस्पतालमै भर्ना भई उपचार गराउंदा अस्पताल पु-याउंदा र ल्याउदा लागेको मितव्ययी सवारी साधनको भाडा,परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिन सम्म खाने खर्च वापत विरामी र एकजना कुरुवाका लागि प्रति व्यक्ति प्रतिदिन रु. ३००। गरी जम्मा रु. ६५००। सम्मको विल वमोजिमको रकम ।

(३) विशेष अवस्थामा नगर स्तरीय समितिले आवश्यकता र औचित्यका आधारमा रु. ४०००। सम्मको थप रकम स्वीकृत गर्न सक्ने छ ।

**(ग) कानूनी सहायता :**

एक जना साथी समेत अड्डा-अदालत आतेजाते समेतका लागि मितव्ययी सवारी साथनको भाडा,कानुनी दै-दस्तुर र सेवा वापत निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको खर्च विल वमोजिमको रकम :

(१) सामान्य अवस्थामा प्रतिव्यक्ति रु. ५०००। सम्म

(२) विशेष अवस्थामा नगर स्तरीय समितिले विशेष निर्णय गरेकोमा थप रु. २५००। सम्म

**(घ) शिक्षा र सस्पमूलक तालिम :**

एकल महिलाको शिक्षा र सीपमूलक तालिमका लागि प्रतिव्यक्ति जम्मा रु. ६५००। (सीप तथा उद्यमशिलता तालिममा रु. ५०००। र अन्य तालिममा रु.१५००।) ननाघने गरी लागेको खर्च विल वमोजिमको रकम ।

**(ङ) स्वरोजगार कार्यकम :**

(१) मापदण्डको दफा ९ (१) (ङ) अनुसार स्वरोजगार कार्यका लागि अनुदान वापत प्रति परिवार रु. १५०००। हजार ननाघने गरी सम्वन्धित नगर स्तरीय समितिले उपलव्ध स्रोत समेतको आधारमा स्वीकृत गरेको रकम ।

(२) दफा ९ (६) वमोजिम प्राप्त निवेदनको हकमा केन्द्रिय समितिले एकल महिला तथा एकल महिलाका हक अधिकारको क्षेत्रमा कार्य गर्ने संघ संस्थाको मागको औचित्य र कार्यक्रमको प्रस्ताव। संस्थाको क्षमता समेतको आधारमा रु. ५०००००। (अक्षरेपी पांच लाख मात्र ) मा नवढने गरी रकम उपलव्ध गराउन सक्नेछ ।

**१३. नगर स्तरीय समितिको गठन :**

(१) नगरमा कार्य संचालनका लागि मार्गदर्शन प्रदान गर्न,प्रदत्त सेवाको गुणस्तर तथा त्यसको सदुपयोग सुनिश्चित गर्न र विभिन्न सेवा प्रदायक माफ सहकार्यमा वढावा दिन एक नगर स्तरीय समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) नगर उपप्रमूख - संयोजक

(ख) प्रमूख प्रशासकिय अधिकृत - सदस्य

(ग) शिक्षा उपशाखा -
सदस्य

(घ) लघु उद्यम विकास इकाइ -
सदस्य

(ङ) सामाजिक विकास शाखा -
सदस्य

(च) प्रमूख,इलाका प्रशासन कार्यालय -
सदस्य

(छ) प्रमूख,इलाका प्रहरी कार्यालय, -
सदस्य

(ज) एकल महिलाको क्षेत्रमा कार्यरत गैर सरकारी,सामुदायिक वा सहकारी संस्थाहरु मध्ये नगर स्तरीय समितिले तोकेको एक जना एकल महिला -
सदस्य

(झ) महिला तथा वालवालिका उपशाखा - सदस्य-सचिव

**१४. <u>नगर स्तरीय समितिको काम, कर्तव्य र अधिकार :</u>**

(क) एकल महिला सुरक्षा कोषवाट सहयोग माग भै आएमाका निवेदन उपर छानविन गर्ने,

(ख) प्रदत्त सेवाको गुणस्तर तथा त्यसको सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने,

(ग) एकल महिला सुरक्षा कोषवाट सहयोग प्राप्त रकमको दुरुपयोग हुनवाट रोक्न आवश्यक व्यवस्था मिलाउने,

(घ) विभिन्न सरोकारवाला निकाय माफ सहकार्य वढाउने,

(ङ) केन्द्रिय समितिको निर्देशन वमोजिम समेतका अन्य कार्यहरु गर्ने ।

**१५. कोष खारेज हुन सक्ने :**

(१) कुनै कारणवस कोष सञ्चालन गर्न आवश्यक नभएमा नेपाल सरकारले सो कोष खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) वमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम नेपाल सरकारमा स्वत : हस्तान्तरण हुनेछ ।

# अनुसुचि १

## (सामाजिक,आर्थिक दृष्टिले कमजोर र विपन्न एकल महिलाले दिने निवेदनको ढांचा)

मिति :..............................

विषय : सहयोग उपलव्ध गराई पाउं ।

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साइजको फोटो |

श्री अध्यक्ष ज्यू
नगर स्तरीय समिति................................................।

म/(सम्वन्ध विच्छेद र विधवा महिला र पैतीस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला र पांच वर्ष भन्दा वढी समय देखि पति हराई वा वेपत्ता भएकी महिला र अंशवण्डा गरी वा मानो छुट्टिई पतिसंग अलग वसेकी महिला) हुं । मेरो आर्थिक तथा सामाजिक अवस्था कमजोर भई...................................................................कार्यका लागि सहयोग आवश्यक परेको हुनाले निम्न लिखित कागजात संलग्न गरी एकल महिला सुरक्षा कोष मार्फत नियमानुसार सहयोग रकम उपलव्ध गराई दिनु हुन निवेदन गर्दछु ।

**संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने) :**

(क) नेपाली नागरीकता प्रमाण पत्र,
(ख) एकल महिला भएको प्रमाणित हुने कागजात,
(ग) सम्वन्धित स्थानिय निकायको वडा कार्यालयले आर्थिक, सामाजिक रुपले कमजोर, विपन्न हो भन्ने प्रमाणित गरिएको सिफारिस पत्र ।
(घ) हालसालै खिचेको फोटो २ प्रति

**निवेदकको :**
नाम,थर :
ठेगाना :
दस्तखत :

# अनुसुचि २

**(एकल महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी,सामुदायिक वा सहकारी संस्थाले दिने निवेदनको ढांचा)**

मिति :..............................

विषय : सहयोग उपलब्ध गराई पाउं ।

श्री अध्यक्ष ज्यू
एकल महिला सुरक्षा कोष
केन्द्रिय समिति ।

एकल महिला हक अधिकारको क्षेत्रमा कार्य गर्ने

.......................................................................

संस्था हौ । यस संस्थालाई नियमावली ४ को (क) देखि (फ) मध्ये ................................ कार्यक्रम संचालन गर्नको निमित्त सहयोग आवश्यक परेकोले निम्न लिखित कागजात संलग्न गरी एकल महिला सुरक्षा कोष मार्फत नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन निवेदन गर्दछौ ।

**संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने) :**

१ं अनुसुचि २ को ढाचामा भरिएको निवेदन फारम
२. संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
३. संस्थाको विधानको प्रमाणित प्रतिलिपि,
४. संस्था नवीकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपी
५. कार्यक्रमको उद्देश्य, लक्ष्य, कार्ययोजना सहितको अनुसुचि- ३ को ढांचामा कार्यक्रमको प्रस्ताव,
६.कार्यालयमा सुचिकृत भएको सिफारिस पत्र,
७. स्थानिय निकायको सिफारिस पत्र,

**निवेदकको :**
संस्थाको नाम :
ठेगाना :
दस्तखत :

# अनुसुचि ३

## एकल महिला सुरक्षा कोषको सेवा उपयोग गर्ने प्रस्तावको ढाँचा

| |
|---|
| प्रस्तावक संस्थाको नाम,ठेगाना : |
| कोषको रकमवाट गरिने कार्य : |
| प्रस्तावित सेवाको लागत अनुमान रु. |
| सहभागीको योजना : |
| काम थाल्ने मिति : |

### १. के गर्ने ?

प्रस्तावित कार्यको संक्षिप्त विवरण

### २. किन गर्ने ?

२.१ हाल परिरहेको समस्याको व्यहोरा

२.२ प्रस्तावित सुविधावाट प्रत्यक्षतः लाभान्वित हुने एकल महिला/समूह सदस्य परिवार

२.३ चार वर्षपछिको एकल महिला/समूह/सदस्य विकासको कल्पना

### ३. कसरी गर्ने ?

३.१ प्रस्तावित कार्यक्रम संचालन गर्न अपनाइने तरीका

३.२ प्रस्तावित कार्यक्रम सञ्चालन खर्च श्रोत

- सस्था आफैले
- वाह्य सहयोग

### ४. कति,कहिले गर्ने ?

| कार्यक्रम | कहिले गर्ने | जिम्मेवार व्यक्ति | सहयोगी | अनुगमन सुचक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

### ५. कहाँ,कसले गर्ने ?

५.१ प्रस्तावित कार्यक्रम संचालन क्षेत्र र उक्त क्षेत्र छनौटका आधार

५.२ प्रस्तावित कार्यक्रम संचालन गर्ने साङ्गठनिक तह ( समिति,संस्था वा अन्य एकाइ)

५.३ प्रस्तावित कार्यक्रम संचालनको सुनिश्चिततताका लागि निर्धारित शर्तहरु

५.४ प्रस्तावित कार्यक्रम सेवाका लागि स्रोतको व्यवस्था

### ६. अन्य आवश्यक कुरा :

| | |
|---|---|
| प्रमाणिकरण मितिः २०७७।११।१७ | आज्ञाले,<br>नवराज खड्का<br>नि. प्रमुख प्रशासकीय अधिकृत |
| | |